# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ २५ गते २०५२ साल (अतिरिक्ताङ्क ४४

## भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०५२ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# मतदाताहरुको नामावली तयार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रतिनिधि सभाका सदस्यहरु तथा स्थानीय निकायका सदस्यहरुको निर्वाचनको लागि मतदाता नामावली तयार गर्न र मतदाताहरुलाई परिचयपत्र प्रदान गर्नको लागि तथा सो सम्बन्धी अन्य कुराहरुको सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मतदाता नामावली सम्बन्धी ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ बमोजिम प्रतिनिधि सभा सदस्यको लागि हुने आम निर्वाचन तथा मध्यावधि निर्वाचन र स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ बमोजिम गाउँ विकास समिति र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरपालिकाको सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ र सो शब्दले त्यस्तो सदस्य पदको लागि हुने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ग) "निर्वाचन क्षेत्र" भन्नाले देहाय बमोजमको क्षेत्र सम्झनु पर्छ :-

(१) प्रतिनिधि सभाको सदस्य निर्वाचनको निमित्त नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०५ बमोजिम गठित निर्वाचन क्षेत्र निर्धारण आयोगबाट सोही धारा बमोजिम निर्धारित निर्वाचन क्षेत्रहरु,

(२) गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्षको निर्वाचनको निमित्त गाउँ विकास समिति ऐन, २०४८ को दफा ३ को उपदफा (१) बमोजिम तोकेको सम्बन्धित गाउँ विकास समितिको क्षेत्र तथा गाउँ विकास समितिको सदस्यहरुको निर्वाचनको निमित्त सोही ऐनको दफा ४ बमोजिम विभाजन गरिएको सम्बन्धित गाउँ विकास समितिको वडाको क्षेत्र, र

(३) नगरपालिकाको प्रमुख वा उपप्रमुखको निर्वाचनको निमित्त नगरपालिका ऐन, २०४८ को दफा ३ को उपदफा (१) बमोजिम तोकेको सम्बन्धित नगरपालिकाको क्षेत्र तथा नगरपालिकाको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सदस्यहरुको निर्वाचनको निमित्त सोही ऐनको दफा ४ बमोजिम विभाजन गरेको सम्बन्धित नगरपालिकाको वडाको क्षेत्र ।

(घ) "नामदर्ता अधिकारी" भन्नाले दफा ३ बमोजिम नियुक्त भएको वा तोकिएको प्रमुख नामदर्ता अधिकारी सम्झनु पर्छ र सो शब्दले नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीलाई समेत जनाउँछ ।

(ङ) "मतदाता" भन्नाले दफा ४ बमोजिमको मतदाता सम्झनु पर्छ ।

(च) "मतदाता नामावली" भन्नाले यस ऐन बमोजिम तयार गरिएको सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावली सम्झनु पर्छ ।

(छ) "मतदाता परिचयपत्र" भन्नाले दफा २३ बमोजिम मतदातालाई उपलब्ध गराइएको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – २
## नामदर्ता अधिकारी तथा मतदाता नामावली सम्बन्धी

३. नामदर्ता अधिकारीको नियुक्ति : (१) दफा २ को खण्ड (ग) बमोजिमको निर्वाचन क्षेत्रमा मतदाताहरुको नाम तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार गर्न, मतदाता नामावली अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै कामहरु गर्नको लागि आयोगले नेपाल अधिराज्यको प्रत्येक जिल्लामा एकजना प्रमुख नामदर्ता अधिकारी र आवश्यकतानुसार नामदर्ता अधिकारी तथा सहायक नामदर्ता अधिकारीहरु नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्नको निमित्त नामदर्ता अधिकारीलाई सहायता गर्न आयोगले श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेका स्वशासित संस्थाका कर्मचारीहरुलाई आवश्यक संख्यामा खटाउन तथा अन्य व्यक्तिहरुलाई काममा लगाउन सक्नेछ ।

(३) नामदर्ता अधिकारीको कार्यालय सम्बन्धित नगरपालिकाको सम्बन्धित वडामा वा सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा रहनेछ ।

४. मतदाता : (१) कुनै निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएको र मतदाताको नाम सङ्कलन गर्ने साल भन्दा अघिल्लो सालको चैत्र मसान्त सम्ममा १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली

नागरिक यस ऐन बमोजिमको निर्वाचनको लागि मतदाता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मतदाताको नाम निजको स्थायी बसोबास भएको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा समावेश गरिनेछ र निजले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रमा मात्र मतदान गर्न पाउनेछ ।

(३) सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता नभएको कुनै पनि व्यक्तिले निर्वाचनमा मतदान गर्न पाउने छैन ।

५. मतदाता हुन नसक्ने : दफा ४ को उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति मतदाता हुन सक्ने छैन र निजको नाम कुनै पनि निर्वाचन क्षेत्रको मतदाता नामावलीमा दर्ता गरिने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) अठार वर्ष उमेर पूरा नभएको,

(ग) मानसिक रुपले विक्षिप्त भएको भनी स्वीकृत चिकित्सकले प्रमाणित गरेको,

(घ) निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ बमोजिम कैदको सजाय पाई त्यस्तो सजाय भोगिरहेको वा सो ऐन अन्तर्गत एक वर्ष वा सो भन्दा बढी कैदको सजाय पाएको अवस्थामा त्यस्तो कैदको सजाय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भोगिसकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको ।

६. स्थायी बसोबास गरेको मानिने : दफा ४ को उपदफा (१) को प्रयोजनको लागि देहाय बमोजिमका अवस्थाका बसोबासलाई स्थायी बसोबास मानिनेछ :–

(क) कुनै निर्वाचन क्षेत्रमा सामान्य रुपमा बसोबास गरेको अवस्था,

(ख) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति संसदको सदस्य भई आफ्नो पदावधिको समयमा सो निर्वाचन क्षेत्रमा अनुपस्थित रहेको अवस्था,

(ग) कुनै व्यक्ति व्यापार, व्यवसाय, अध्ययन अध्यापन, सरकारी वा गैरसरकारी सेवा, औषधि उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानून बमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रमा अनुपस्थित रहेको अवस्था ।

७. स्थायी बसोबास गरेको नमानिने : दफा ४ को उपदफा (१) को प्रयोजनको लागि देहाय बमोजिमका अवस्थाका व्यक्तिहरुले सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास गरेको मानिने छैन

(क) कुनै निर्वाचन क्षेत्रमा अवस्थित कुनै घरमाथि कुनै व्यक्तिको स्वामित्व वा अधिकार भएको भए तापनि त्यहाँ बसोबास गरी रहेको नभएमा स्वामित्वको आधारमा मात्र सो घर धनी र निजका परिवार,

(ख) कसैको घरमा कुनै उद्योग, व्यापार वा पेशा सञ्चालन गर्ने वा कार्यालय राख्ने प्रयोजनको लागि भाडामा लिइएको रहेछ भने सोही आधारमा मात्र घर भाडामा लिने व्यक्ति र निजको परिवार,

(ग) सरकारी, अर्धसरकारी तथा गैर सरकारी संस्थाको कार्यालय र त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारीहरुको लागि बनाइएको आवास गृह, सैनिक वा प्रहरी व्यारेक तथा आवास गृह, औद्योगिक प्रतिष्ठान तथा त्यस्तो प्रतिष्ठानमा काम गर्ने कर्मचारी तथा कामदारहरु बस्नको लागि बनाइएको वासस्थान, अस्पताल, चिकित्सालय, नर्सिङ होम, विद्यालय, क्याम्पस तथा छात्रावास, अनाथालय, वृद्धाश्रम, कारागार तथा अन्य यस्तै स्थानमा बस्ने व्यक्तिहरु ।

८. <u>मतदाता नामावली तयार गर्ने</u> : (१) आयोगले आफ्नो रेखदेख, नियन्त्रण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रमा तोकिए बमोजिम मतदाता नामावली तयार गराउनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावली तयार गर्दा देहायका व्यक्तिहरुको नाम मतदाता नामावलीमा समावेश गरिनेछ :-

(क) दफा ४ बमोजिम मतदाता हुन योग्यता पुगेका, र

(ख) अन्य निर्वाचन क्षेत्रबाट वैवाहिक वा अन्य कुनै कारणले स्थायी तवरले बसाई सरी हालको निर्वाचन क्षेत्रमा बसोबास गरी आएका ।

(३) मतदाता हुन योग्यता पुगेको प्रत्येक नेपाली नागरिकले आफ्नो स्थायी बसोबास रहेको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा आफ्नो नाम तोकिए बमोजिम दर्ता गराउनु निजको कर्तव्य हुनेछ ।

(४) कुनै पनि व्यक्तिको नाम एक भन्दा बढी निर्वाचन क्षेत्रका मतदाता नामावलीमा वा एकै निर्वाचन क्षेत्रमा पनि एक भन्दा बढी स्थानको मतदाता नामावलीमा दर्ता गरिने छैन ।

(५) उपदफा (३) बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि कुनै व्यक्तिको जन्म मिति वा उमेर, बासस्थान तथा नागरिकता खुलेको प्रमाणको लिखत हेर्न आवश्यक भएमा नामदर्ता अधिकारीले वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो प्रमाण माग गर्न सक्नेछ र त्यसरी माग गरिएको प्रमाण देखाउन नसक्ने व्यक्तिको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नाम मतदाता नामावलीमा दर्ता गर्न नामदर्ता अधिकारीले इन्कार गर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि नागरिकताको प्रमाणपत्र, जग्गा धनी प्रमाणपूर्जा तथा सरकारी कार्यालय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र तथा गाउँ विकास समिति वा नगरपालिकाले दिएको सिफारिशपत्रलाई समेत प्रमाणको रुपमा लिन सकिनेछ ।

(६) कुनै अन्य निर्वाचन क्षेत्रबाट वैवाहिक वा अन्य कुनै कारणले बसाई सरी आएका मतदाताले हाल बसोबास गरेको स्थानको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा निजले प्रचलित कानून बमोजिमको विवाह दर्ता वा बसाई सराईको प्रमाणपत्र पेश गर्नु पर्नेछ । त्यस्तो प्रमाण पेश नगरेसम्म निजको नाम हालको निर्वाचन क्षेत्रको मतदाता नामावलीमा दर्ता गरिने छैन ।

९. मतदाताको नाम सङ्कलन : (१) आयोगले तोके बमोजिमको ढाँचामा मतदाताहरुको नाम सङ्कलन गर्ने वा अद्यावधिक गर्ने कार्य प्रत्येक वर्षको वैशाख महिनाको शुरुदेखि सोही महिनाको मसान्त सम्ममा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नाम सङ्कलन गर्ने प्रयोजनको लागि प्रत्येक घरमा बसोबास गर्ने प्रत्येक मतदाताको विवरण नाम सङ्कलन कर्तालाई उपलब्ध गराउनु सम्बन्धित परिवारको मुख्य व्यक्तिको कर्तव्य हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६५२

१०. मतदाता नामावलीको प्रकाशन : नाम दर्ता अधिकारीले दफा ९ बमोजिम सङ्कलन गरिएको मतदाताहरुको नाम तथा अन्य विवरण अनुसार तयार भएको मतदाता नामावली नगरपालिकाको सम्बन्धित वडामा वा गाउँ विकास समितिको कार्यालयमा तोकिए बमोजिम प्रत्येक वर्ष जेष्ठ मसान्त सम्ममा प्रकाशन गर्नेछ ।

११. मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने : दफा १० बमोजिम प्रकाशित नामावलीमा कुनै व्यक्तिको नाम छुटेको भए त्यस्तो व्यक्तिले आफ्नो नाम समावेश गराउन चाहेमा प्रमाण सहित प्रत्येक वर्ष असार पन्ध्र गते भित्र नाम दर्ता अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

१२. मतदाता नामावलीमा नाम सच्याउन दरखास्त दिने : दफा १० बमोजिम प्रकाशित नामावलीमा परेको कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी वा परिवर्तन भएमा वा गल्ती उल्लेख भएमा सो सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको अभिभावकले प्रत्येक वर्ष असार पन्ध्र गतेभित्र तोकिए बमोजिम दरखास्त दिन सक्नेछ ।

१३. जाँचबुझ र संशोधित मतदाता नामावली प्रकाशन गर्ने : दफा ११ वा १२ बमोजिम कुनै दरखास्त पर्न आएमा नाम दर्ता अधिकारीले सो दरखास्त उपर तोकिए बमोजिम जाँचबुझ गरी मतदाता नामावलीमा निजको नाम छुटेको हो वा विवरणमा कुनै त्रुटी वा परिवर्तन भएको वा गल्ती उल्लेख भएको हो भन्ने कुरामा आफू विश्वस्त भएमा त्यस्तो मतदाताको नाम तोकिए बमोजिम सो मतदाता नामावलीमा समावेश गरी वा सच्याई तोकिए बमोजिम संशोधित मतदाता


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामावली तयार गरी असार मसान्त सम्ममा प्रकाशन गर्नु पर्नेछ ।

१४. <u>मतदाता नामावलीमा विरोध गर्ने</u> : दफा १३ बमोजिम प्रकाशित संशोधित मतदाता नामावलीमा कुनै व्यक्तिको नाम यस ऐन अनुसार समावेश हुन नसक्ने भन्ने लागेमा सोही निर्वाचन क्षेत्रको कुनै पनि मतदाताले सो कुराको विरोध गरी प्रत्येक वर्ष श्रावण पन्ध्र गते भित्र नामदर्ता अधिकारी समक्ष उपयुक्त कारण सहित दरखास्त दिन सक्नेछ । त्यस्तो दरखास्त प्राप्त भएमा नामदर्ता अधिकारीले सो सम्बन्धमा तोकिए बमोजिम जाँचबुझ गर्दा सो व्यहोरा ठीक ठहरिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउनेछ ।

१५. <u>दोहरो नाम हटाउने बारे जानकारी दिने</u> : कुनै मतदाताको नाम एक भन्दा बढी निर्वाचन क्षेत्रमा वा एकै निर्वाचन क्षेत्रको एक भन्दा बढी स्थानको मतदाता नामावलीमा दर्ता भएकोमा सम्बन्धित मतदाताले आफूले रोजेको एक निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा मात्र नाम राखी अन्य निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीबाट आफ्नो नाम हटाउन सम्बन्धित नामदर्ता अधिकारीलाई लिखित जानकारी दिनु पर्नेछ ।

१६. <u>दोहरो नाम हटाउने</u> : दफा १५ बमोजिम दुई वा दुई भन्दा बढी निर्वाचन क्षेत्र वा स्थानमा नाम दर्ता भएको मतदाताले निर्वाचन क्षेत्र वा स्थान रोज्नको लागि जानकारी नदिए तापनि आयोगलाई सो कुराको जानकारी प्राप्त हुन आएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोबास गरी बसेको निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा कायम गरी अन्य निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीबाट

निजको नाम हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिनेछ । नाम दर्ता अधिकारी स्वयंलाई पनि सो कुराको जानकारी प्राप्त हुन आएमा नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको स्थायी बसोबास भएको क्षेत्र वा स्थान बाहेक अन्य क्षेत्र वा स्थानको मतदाता नामावलीबाट निजको नाम हटाउन सक्नेछ ।

१७. <u>मतदाता नामावलीबाट नाम हटाउने</u> : (१) मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको मृत्यु भएमा वा निजले स्थायी तवरले सम्बन्धित निर्वाचन क्षेत्रको बसोबास परित्याग गरेमा वा नेपाली नागरिकता त्याग गरेमा वा मतदाता नामावलीमा नाम कायम रहन सक्ने योग्यता गुमाएको रहेछ भने सो व्यहोरा उल्लेख गरी कुनैपनि मतदाताले नामदर्ता अधिकारीलाई प्रत्येक वर्ष श्रावण पन्ध्र गते भित्र सूचना दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि नामदर्ता अधिकारीले तोकिए बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यहोरा ठीक देखिएमा सो मतदाताको नाम मतदाता नामावलीबाट तोकिए बमोजिम हटाइ दिनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाइने भएमा र निजले सो सम्बन्धमा आफ्नो स्पष्टीकरण दिन सक्ने अवस्था छ भने निजलाई त्यसरी स्पष्टीकरण पेश गर्ने मनासिब माफिकको मौका नदिई निजको नाम मतदाता नामावलीबाट हटाइने छैन ।

१८. <u>अन्तिम मतदाता नामावली प्रकाशन</u> : (१) यस परिच्छेद बमोजिम दावी, विरोध, जाँचबुझ र संशोधनको प्रकृया पूरा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिसकेपछि नाम दर्ता अधिकारीले सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावली तयारगरी प्रत्येक वर्ष श्रावण मसान्त सम्ममा तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित अन्तिम मतदाता नामावली नाम दर्ता अधिकारीले प्रत्येक वर्षको भाद्र पन्ध्र गते सम्ममा निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।

१९. <u>मतदाता नामावलीको पुनरावलोकन</u> : (१) दफा १८ को उपदफा (२) बमोजिम आयोगमा प्राप्त हुन आएको अन्तिम मतदाता नामावली आयोगले पुनरावलोकन गर्न सक्नेछ । यसरी पुनरावलोकन गर्दा त्यस्तो अन्तिम मतदाता नामावलीमा व्यापक एवं गम्भीर त्रुटी देखिएमा त्यस्तो त्रुटी सुधार गर्न आयोगले सम्वन्धित नाम दर्ता अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन दिइएकोमा सम्बन्धित नाम दर्ता अधिकारीले पनि सो निर्देशन बमोजिम मतदाता नामावलीमा आवश्यक सुधार गर्नु पर्नेछ । यसरी सुधार गरिएको मतदाता नामावली प्रकाशनको प्रक्रियामा लगिनेछ ।

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनको लागि "व्यापक एवं गम्भीर त्रुटी" भन्नाले यस ऐन बमोजिम मतदाता नामावलीमा नाम समावेश गर्नु पर्ने व्यक्तिहरुको नाम समावेश नभएको वा मतदाता नामावलीमा नाम समावेश गर्न नहुने व्यक्तिहरुको नाम समावेश भएको कारणले निर्वाचनको परिणाममा तात्विक असर पर्न सक्ने वा यस्तै अन्य प्रकृतिका कुराहरुलाई जनाउँछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा १८ को उपदफा (१) बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीमा उपदफा (१) बमोजिम आयोगले निर्देशन दिएको अवस्थामा र दफा १७ बमोजिमको अवस्थामा बाहेक कसैले पनि कुनै प्रकारबाट हेरफेर वा थपघट गर्नु वा सच्याउनु हुँदैन ।

२०. तत्काल कायम रहेको मतदाता नामावली अन्तिम हुने : आयोगको काबू बाहिरको कुनै कारणवश कुनै साल यस परिच्छेद बमोजिमको प्रकृया पूरा गरी मतदाता नामावली अद्यावधिक गर्न नसकिएको अवस्थामा तत्काल कायम रहेको अघिल्लो सालको मतदाता नामावलीलाई नै अद्यावधिक गर्न नसकिएको सालको लागि पनि अन्तिम मतदाता नामावली कायम गर्ने गरी आयोगले आदेश जारी गर्न सक्नेछ ।

२१. समयावधि परिवर्तन गर्न सक्ने : यस ऐनको विभिन्न दफामा कुनै काम कुनै खास महिना वा समयभित्र सम्पन्न गरिनेछ भन्ने उल्लेख भएको भए तापनि सो अवधिमा दैवी प्रकोप वा आयोगको काबू बाहिरको अन्य कुनै परिस्थिति परी निर्धारित समयमा त्यस्तो काम सम्पन्न हुन नसक्ने भन्ने आयोगलाई लागेमा आयोगले आदेश जारी गरी त्यस्तो समय परिवर्तन गर्न सक्नेछ ।

तर त्यसरी समय परिवर्तन गर्दा सामान्यतया निर्वाचन हुने मिति भन्दा तीन महिना भन्दा कम अन्तर पर्ने गरी परिवर्तन गरिने छैन ।

२२. अदालतमा सवाल जवाफ नहुने: देहायका कुराका सम्बन्धमा कुनै पनि अदालतमा कुनै पनि प्रश्न उठाउन पाइने छैन :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
856

(क) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नामदर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा, र

(ख) नामदर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा यस परिच्छेद बमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थपघट गरेको विषयमा ।

तर प्रचलित कानून बमोजिम गठित निर्वाचन अदालतको सम्बन्धमा यो दफा लागू हुने छैन ।

## परिच्छेद-३
## मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था

२३. आयोगले मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था लागू गर्न सक्ने : आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको निर्वाचन क्षेत्र भित्रका मतदाताहरुलाई मतदाता परिचयपत्र दिनु पर्ने व्यवस्था लागू गर्न सक्नेछ । यसरी मतदाता परिचयपत्र लागू गर्ने क्षेत्र निर्धारण गर्दा नगरपालिका तथा सदरमुकाम रहेको निर्वाचन क्षेत्रलाई प्राथमिकता दिई लागू गरिनेछ ।

तर उपनिर्वाचनको हकमा सो निर्वाचन हुने पूरै क्षेत्रमा परिचयपत्रको व्यवस्था लागू गर्न बाधा पर्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. मतदाता परिचयपत्र उपलब्ध गराइने : दफा २३ बमोजिम आयोगले तोकेको निर्वाचन क्षेत्र वा त्यस्तो निर्वाचन क्षेत्र भित्र पर्ने नगरपालिका वा गाउँ विकास समितिको मतदाता नामावलीमा नाम दर्ता भएको प्रत्येक मतदातालाई मतदानको प्रयोजनको लागि मात्र आयोगले तोके बमोजिमको ढाँचामा तोकिए बमोजिम मतदाता परिचयपत्र उपलब्ध गराइनेछ ।

२५. मतदाता परिचयपत्र लिई उपस्थित हुनु पर्ने : प्रत्येक मतदाताले मतदानको समयमा दफा २४ बमोजिम उपलब्ध गराईएको मतदाता परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ ।

२६. मतदाता परिचयपत्र वितरण सम्बन्धी अन्य व्यवस्था : दफा २४ बमोजिम मतदातालाई मतदाता परिचयपत्र उपलब्ध गराउने र सो सम्बन्धमा पालन गर्न पर्ने शर्त तथा कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## दण्ड सजाय सम्बन्धी

२७. अपराध र दण्ड सजाय : (१) देहाय बमोजिमका कार्यहरु गरेमा यो ऐन बमोजिमको अपराध गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम मतदाता नामावली तयार गर्ने सिलसिलामा आवश्यक विवरण सङ्कलन गर्दा कसैले आफ्नो नाम, थर, वतन, उमेर, नागरिकता वा अन्य विवरण ढाँटी नाम दर्ता गराएमा वा दर्ता गराउनको लागि दरखास्त दिएमा वा त्यसरी ढाँटी विरोधपत्र दिएमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यस ऐन बमोजिम प्रकाशन गरेको मतदाता नामावली वा मतदातालाई उपलब्ध गराईएको मतदाता परिचयपत्रमा जानी बुझी कसैले कुनै ब्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा त्यस्तो मतदाता नामावली वा मतदाता परिचयपत्र च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान पारेमा वा नष्ट गरेमा,

(ग) यस ऐन बमोजिम मतदाता नामावली तयार गर्ने वा मतदाता परिचयपत्र वितरण गर्ने सिलसिलामा खटिएका कर्मचारीहरुलाई कसैले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गराउनबाट विचलित गराएमा,

(घ) गोप्य राख्नु पर्ने कागजात वा विवरणहरुको गोप्यता भङ्ग गरेमा ।

(२) उपदफा (१) बमोजिमको अपराध गर्ने, त्यस्तो अपराधको उद्योग गर्ने वा सो गर्न मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना वा एक महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-५
## विविध

२८. नागरिकता सम्बन्धी करामा असर नपर्ने : यस ऐन बमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा समावेश भएको वा नभएको कारणले मात्र निजको नागरिकता बारे प्रचलित कानून बमोजिम हुनेमा कुनै असर पर्ने छैन ।

२९. मतदाता प्रमाणित गरिदिने : कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले सो व्यहोरा प्रमाणित गरी पाउँ भनी तोकिए बमोजिम दरखास्त दिएमा आयोग वा आयोगबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यहोरा तोकिए बमोजिम प्रमाणित गरी दिनु पर्नेछ ।

३०. सहयोग उपलब्ध गराउन पर्ने : यस ऐन बमोजिम मतदाता नामावली तयार गर्दा नामदर्ता अधिकारीबाट माग भए बमोजिम आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३१. श्री ५ को सरकार बादी हुने : यो ऐन अनुसार दायर गरिने मुद्दा श्री ५ को सरकार बादी भई दायर गरिनेछ ।

३२. मुद्दा हेर्ने अधिकार : यो ऐन अनुसारको मुद्दा हेर्ने अधिकार तोकिएको अदालतलाई हुनेछ ।

३३. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३४. निर्देशिका बनाउन सक्ने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आयोगले आवश्यकतानुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३५. आदेश तथा निर्देशन जारी गर्न सक्ने : (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम तथा निर्देशिकाको कार्यान्वयनको लागि आयोगले आवश्यकतानुसार आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरेको आदेश तथा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३६. समयावधि र मिति तोक्न सक्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटक हुने निर्वाचनको लागि आयोगले तोकेको मिति र समयमा मतदाता नामावली सङ्कलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

३७. यो ऐन बमोजिम हुने : यो ऐनमा लेखिएको जति कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

३८. मतदाता नामावली मान्य हुने : यो ऐन बमोजिम मतदाता नामावली तयार नभएसम्म यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम तयार गरिएको मतदाता नामावली मान्य हुनेछ ।

३९. बचाउ : (१) यो ऐन प्रारम्भ हुनु अघि यस ऐनको व्यवस्था अनुरुप हुने गरी आयोगबाट भए गरिएका सबै काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम आयोगले सुरु गरेको तर सम्पन्न भई नसकेका कामहरु क्रमिक रुपमा सम्पन्न गर्न बाधा पुऱ्याएको मानिने छैन ।

लालमोहर सदर मिति :- २०५२।१०।२५।५

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको का.मु.सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।